# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### छहरा, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.स. २०८१/२०८२

V9F8+RM


करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८२/१/१५)

यस कार्यालयमा करार सेवामा तपसिलका कर्मचारिहरु रैनादेवी छहरा गाउँपालिकाको कर्मचारी पदपूर्ति सम्बन्धि कार्यविधि, २०७४ बमोजिम नियुक्ति गर्नुपर्ने भएको हुदाँ निम्न बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र दरखास्त दस्तुर बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन कर्मचारी पदूर्ति समितिको मिति २०८२/१/१५ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८१-०८२ | वन प्राविधिक | सातौं | १ (एक) | |
| २ | २/०८१-०८२ | रोजगार सहायक | पाचौं | १ (एक) | |
| ३ | ३/०८१-०८२ | अमिन | चौथो | १ (एक) | आ.व. ०८०/०८१ मा विज्ञापन नं. ५/०८०-०८१ मा दरखास्त पेश गरेका आवेदकहरुलाई राजस्व छुट |
| ४ | ४/०८१-०८२ | सहायक कम्प्युटर अपरेटर | चौथो | १ (एक) | |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव:

क) नेपाली नागरिक हुनुपर्ने ।

ख) शैक्षिक योग्यता:

- वन प्राविधिकको हकमा: मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान विषयमा स्नातक तह उत्तिर्ण।
- रोजगार सहायकको हकमा: मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता तह (१०+२) उत्तिर्ण ।
- अमिनको हकमा: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।
- सहायक कम्प्युटर अपरेटरको हकमा: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ (तिन) महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।

प्रमुख प्रशासकीय अधिकृत

ग) उमेरः दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

२. दरखास्त दस्तुरः वन प्राविधिकको रु १०००/- अक्षेरुपी एक हजार रुपैया ।
रोजगार सहायकको रु ५००/- अक्षेरुपी पाँच सय रुपैया ।
अमिन को रु ५००/- अक्षेरुपी पाँच सय रुपैया ।
सहायक कम्प्युटरको रु ५००/- अक्षेरुपी पाँच सय रुपैया ।

३. दरखास्त दिने अन्तिम मितिः २०८२/१/३० गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. दरखास्त दिने स्थानः रैनादेवी छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छहरा, पाल्पा ।

५. परीक्षाको किसिमः माथि उल्लेखित पदहरुको पदपुर्ति देहायका मापदण्ड बमोजिम हुनेछ ।

| क्र.सं. | पद | परीक्षाको किसिम/मापदण्ड |
|---|---|---|
| १ | वन प्राविधिक | समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन कार्यविधि |
| २ | रोजगार सहायक | स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ |
| ३ | अमिन | रैनादेवी छहरा गाउँपालिकाको कर्मचारी पदपूर्ति सम्बन्धि कार्यविधि, २०७४ |
| ४ | सहायक कम्प्युटर अपरेटर | रैनादेवी छहरा गाउँपालिकाको कर्मचारी पदपूर्ति सम्बन्धि कार्यविधि, २०७४ |

६. सेवा सुविधाः नेपाल सरकारले तोकेबमोजिम ।

७. परिक्षाको मिति र स्थानः पछि सूचना प्रकाशन गरिनेछ ।

८. आवेदन साथ संलग्न कागजातहरुः आवेदकले आवेदन दिदाँ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ख) तोकिएको शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ग) दरखास्त दस्तुर बुझाएको रसिद

घ) अनुभव तथा तालिम सम्बन्धी प्रमाणपत्र भएमा सोको प्रतिलिपी ।

९. सम्पूर्ण कागजातमा "सक्कल बमोजिम नक्कल ठीक छ" भनि निवेदकले आफै प्रमाणित गर्नुपर्नेछ ।

१०. अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

द्रष्टव्यः अन्य आवश्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत